## निर्णयहरु

१. जिल्लामा दोस्रो चरणको नयां भेरियन्ट सहितको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुको समिक्षा गरियो। साथै मिति २०७८।३।२१ गते ३.०० वजेसम्म पाल्पा जिल्लामा कोभिड–१९ सम्बन्धमा रहेको निम्न बमोजिमको तथ्याङक आजको बैठकमा जानकारी गराइयो।

| सि नं | विषयवस्तु | दोस्रो भेरियन्ट | कैफियत |
|---|---|---|---|
| १ | जम्मा परीक्षण | १७,७९६ | |
| २ | कूल संक्रमित | ५,३३७ | |
| ३ | सक्रिय संक्रमित | ४७९ | |
| ४ | होम आइसोलेसनमा | ४३२ | |
| ५ | उपचाररत | ४७ | |
| ६ | निको भएका | ४,८१७ | |
| ७ | निधन | ७३ | |

२. वाणिज्य वैंकहरु, विकास वैंकहरु, लघुवित्त, सहकारी, अन्य वित्तीय संस्थाहरु, बीमा सम्बन्धी कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु पालना गरी गराई कार्यालय समयमा नियमित रुपमा सेवा प्रवाह गर्ने ।

३. सामाजिक दुरी र स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु पालना गरी औषधी एवम स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री विक्री गर्ने पसल, ग्यांस, बुक्स एण्ड स्टेशनरी पसलहरु, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री लगायतका अन्य पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट ३.०० वजेसम्म मात्र संचालन गर्ने।

४. संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका पाल्पा जिल्लामा कार्यरत सम्पूर्ण सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुले तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु पूर्ण रुपमा पालना गरी गराई नियमित रुपमा सेवा प्रवाह गर्ने।

५. यस अघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको होटल संचालन सम्वन्धि मापदण्ड तथा स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु पूर्ण रुपमा पालना गरी गराई होटल, रेष्टुरेन्ट, चिया तथा खाजा पसल र चमेना गृहहरु विहान ७.०० वजेबाट वेलुका ७.०० वजेसम्म मात्र संचालन गर्ने। होटल तथा रेष्टुरेन्टहरुले टेक अवे सेवालाई प्राथमिकता दिने। विवाह व्रतवन्ध तथा अन्य धार्मिक सामाजिक कार्यमा भोज भतेर खुवाने गरी होटल, रेष्टुरेन्ट तथा पार्टी प्यालेसहरु संचालन नगर्ने।



योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

६. पाल्पा जिल्ला भित्र मात्र चल्ने गरी सवै प्रकारका निजी सवारी साधनहरु संचालन गर्ने।

७. जिल्लामा कोभिड संक्रमणको दर अझै पनि उच्च नै रहेको पाइएकोले जिल्लाका सवै स्थानीय तहले स्वास्थ कार्यालयको समन्वयमा पिसीआर तथा एन्टीजेन परीक्षणलाई व्यापक बनाउने साथै परीक्षणको नतिजाको आधारमा संक्रमित व्यक्तिलाई समुदायमा घुलमिल हुन नदिन अनिवार्य रुपमा होम आइसोलेसनमा वस्ने व्यवस्था मिलाउन आफ्ना संयन्त्रहरु परिचालन गर्ने।

८. उपयुक्तानुसारका सेवाहरु संचालन गर्दा तोकिएका मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको तर्फबाट नियमित रुपमा अनुगमन गर्ने। अनुगमनको क्रममा स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड पालना गरेको नपाइएमा संक्रामक रोग ऐन, २०२० तथा कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही गर्ने।

९. जिल्लामा नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।३।११ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।३।२२ गते राति १२.०० वजेसम्म कायम रहेको निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुंदा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।३।२२ गते राति १२.०० वजेदेखि मिति २०७८।३।३१ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिने। यो आदेशको कार्यान्वयनमा जिल्लास्थित सम्पूर्ण निकायहरु व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरुका तर्फबाट सहयोग गर्ने।

२०७८।३।२१

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी